सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८३/८४
चलानी नं.

मितिः २०८३/०८/०१
ने.सं. ११४६

घर अभिलेखिकरण सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सन्धिखर्क नगरपालिकाको घर अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०७९ को (दोस्रो संशोधन) र सन्धिखर्क नगर कार्यपालिकाको मिति २०८३/०६/१५ गतेको निर्णय बमोजिम यस नगरपालिका क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू हुनुभन्दा पूर्व (मिति २०७४/०६/२९ गते भन्दा पूर्व) अन्य प्रचलित मापदण्ड पूरा गरेका तर नक्सापास नगरी निर्माण भएका घरहरूको अभिलेखीकरण गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र देहायका कागजातहरू संलग्न गरी यस कार्यालयको भवन तथा शहरी विकास उपशाखामा तपिसलमा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पेश गर्नुपर्ने कागजातहरू</u>

१. घरधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।
३. जग्गाको कित्ता नं. खुल्ने नापी नक्सा/ट्रेस नक्सा ।
४. चालु आर्थिक वर्षसम्मको मालपोत/सम्पत्ति कर तिरेको रसिद।
५. तोकीएबमोजिमको ढाँचामा स्वघोषणा पत्र
६. घरको चारैतर्फबाट खिचिएको स्पष्ट फोटो।
७. घरको विद्यमान अवस्थाको प्राविधिक नक्सा/ड्राइङ।
८. घरधनी स्वयं उपस्थित हुन नसक्ने अवस्थामा अधिकारप्राप्त व्यक्तिको अख्तियारीपत्र।

(प्रमोद खनाल)
प्रमुख प्रशासकीय अधिकृत

<u>थप जानकारीको लागिः</u>
प्रा. अधिकृत सुमित गौतम
सम्पर्क नं. ९८४००६५१०२

CamScanner